**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

# गुलरको फूल उपन्यासको सांस्कृतिक अध्ययन

**A Cultural Study of 'Gular's Flower' Novel**

***[1]डा. कल्पना लुइटेल***
***Kalpana Luitel, Ph.D***

[1]Associate Professor of Nepali, Tribhuvan University, Saraswati Multiple Campus, Kathmandu, Nepal
[*(Email: kalpana.luitel@smc.tu.edu.np) ORCID:* https://orcid.org/*0009 –0004– 7868– 2299*]

**Article History:** Received 27 May. 2025; Reviewed 25 June. 2025; Revised 14 July 2025; Accepted 29 July 2025.

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*The presented research article focuses on the analysis of the title of the cultural study of the novel 'Gularko Poomal' written by novelist Madhav Pyakurel. The necessary material for this article has been collected from library sources. The novel has been studied, and conclusions have been reached through qualitative methods. In this study, the study of the novelistic environment of Gular's Poomal novel and class study have been conducted. Here, the study of the political environment, economic environment and socio-cultural environment has been conducted under the novelistic study. Similarly, under the class study, class relations, lower class problems, class harmonization approach, presentation of class friendship, economic inequality, indifference towards the higher (exploitative) class ideology, deprivation of service facilities, presentation of lower-class psychology, class basis and characterization of the characters have been studied. Rudal Sahni, Kalautiya, Baje and Harke have been characterizations of the characters. This is a novel written based on the lower-class poor characters living on the border of Nepal and India. All the main characters used in it are marginalized lower classes. It has been concluded that due to the political changes that have taken place in Nepal from time to time, only the system and the people who govern have changed, the trend of governance has remained the same and the situation and problems of the people have been increasing.*

**Keywords:** *Ajarvan, marginalized, marginalized, Gularko Phul, Gauna, Thekuwa, Kabbali, class relations, class coordination, class love, inter-fusion, inter-mixture*

## लेखसार

*प्रस्तुत अनुसन्धनात्मक लेख उपन्यासकार माधव प्याकुरेलद्वारा लिखित 'गुलरको फूल' उपन्यासको सास्कृतिक अध्ययन शीर्षकको विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । उपन्यासको अध्ययन गरी गुणात्मक विधिबाट निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा गुलरको फूल उपन्यासको औपन्यासिक परिवेशको अध्ययन र वर्गीय अध्ययन गरिएको छ । यहाँ औपन्यासिक अध्ययन अन्तर्गत राजनैतिक परिवेश, आर्थिक परिवेश र सामाजिक सांस्कृतिक परिवेशको अध्ययन गरिएको छ । यसै गरि वर्गीय अध्ययन अन्तर्गत वर्गीय सम्बन्ध, निम्न वर्गीय समस्या, वर्ग समन्यवादी दृष्टिकोण, वर्गीय मित्रताको प्रस्तुति, आर्थिक असमानता, उच्च (शोषक) वर्गीय विचारधाराप्रति उदासिन, सेवा सुविधाबाट वञ्चितीकरण, निम्न वर्गीय मनोविज्ञानको प्रस्तुति, चरित्रहरूको वर्ग आधार र*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

*चरित्रचित्रणको अध्ययन गरिएको छ । चरित्रहरूमा रुदल सहनी, कलौतिया, बाजे र हर्केको चरित्रचित्रण गरिएको छ । यो नेपाल र भारतको सीमानामा बस्ने निम्न वर्गीय विपन्न चरित्रहरूमा आधारित भएर रचिएको उपन्यास हो । यसमा प्रयोग गरिएका सबै प्रमुख पात्रहरू निम्न वर्गीय सिमान्तकृत छन् । नेपालमा समय समयमा भएका राजनैतिक परिवर्तनले व्यवस्था र शासन गर्ने व्यक्ति मात्र परिवर्तन भएको शासकीय प्रवृत्ति उस्तै रहेको तथा जनताको अवस्था र समस्या झन् बढ्दै गएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी:*** *अजरवन, सिमानाकृत, सिमान्तकृत, गुलरको फूल, गौना, ठेकुवा, कब्बाली, वर्गीय सम्बन्ध, वर्ग समन्वय, वर्ग प्रेम, अन्तरघुलन, अन्तरमिश्रित*

---

## विषयपरिचय

माधव प्याकुरेल (वि.सं. २०२४ भदौ १८) को जन्म काभ्रेपलान्चोक जिल्लाको साविक पात्लेखेत गा.वि.स. हाल धुलिखेल न.पा. वडा नं १२ को डाँडागाउँमा आमा सान्नानी प्याकुरेल र बुबा चुडामणि प्याकुरेलका कोखबाट माहिलो सन्तानका रूपमा भएको हो । आर्थिक आधारमा मध्यम वर्ग तथा सामाजिक रूपमा उच्च जाति मानिने ब्राह्मणबाट जन्मिएका प्याकुरेलले शिक्षाको अवसर सानैबाट प्राप्त गरे । परिवारको अभिभावक ठूलो बुबाले गण्डक ब्यारेजमा नोकरी गर्न प्रारम्भ गरेपछि भाइहरूलाई पढाउनका लागि बीरगन्जमा लिएर गएका कारण उतै बुबाहरूको बसाइँसराइको कारण बन्न पुगेको प्याकुरेलको मत छ । बाराको जितपुर सिमरामा गएर बसोबास गरेका उनले त्यहीबाट शिक्षा आरम्भ गरी श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय फत्तेपुर बाराबाट (वि.सं.२०४४) मा एस.एल.सी गरी कानुनमा नेपाल ल क्याम्पसबाट वि.सं.२०५१ मा स्नातकसम्मको अध्ययन पूरा गरेका प्याकुरेल हाल अधिवक्ताका रूपमा कार्यरत छन् ।

सामाजिक सेवामा रूचि राख्ने प्याकुरेल हाल वल्ड पिस काउन्सिलको वर्तमान अर्न्तराष्ट्रिय सदस्यका रूपमा कार्यरत छन् । यस्तै लायन्स क्लबको आजीवन सदस्यका रूपमा पनि सकिय छन् । यसै गरी हाल प्याकुरेल समाज नेपालको केन्द्रीय उपाध्यक्ष, सिर्जनशील टोल सुधार समिति बसुन्धराको सचिवका रूपमा कार्यरत छन् । आफ्नो पेसासँग समन्धित उच्च अदालत बार एशोसियसन पाटनको पूर्व कोषाध्यक्षका रूपमासमेत काम गरेको उनको अनुभव देखिन्छ ।

उनका वि.सं. २०७२ मा ‘गुलरको फूल’ र ‘गौना’ वि.सं.२०८१ उपन्यास प्रकाशित भएका छन् । यी दुवै उपन्यास मधेस ( नेपाल र भारतका सीमाना)मा बस्ने अजरवनहरूले भोगेका दुःख र व्यथाका दस्तावेजका रूपमा प्रस्तुत भएका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस सन्दर्भमा माधव प्याकुरेलद्वारा रचित ‘गुलरको फूल’ उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सैद्धान्तिक तथा विश्लेषणत्मक ग्रन्थ तथा लेख रचनाबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ ।

## ‘गुलरको फूल’ उपन्यासको औपन्यासिक परिवेश

### राजनैतिक परिवेश

‘गुलरको फूल’ उपन्यासको केन्द्रीय विषय नेपाल र भारतका सीमानामा बस्ने नागरिकहरू सामाजिक, आर्थिक तथा राजनैतिक सबै दृष्टिले विपन्न छन् भन्ने देखाउनु हो । यस उपन्यासले विं सं २०१६ देखि २०६३ सालसम्मको समयको चित्रण गरेको हुँदा यहाँ वि.सं.२०१६को प्रजातान्त्रिक समय, पञ्चायती व्यवस्था, पुनः बहुदलीय व्यवस्था, माओवादी सशत्र आन्दोलन, मधेस आन्दोलन र गणतान्त्रिक व्यवस्था आदि सबै राजनैतिक घटनाक्रमको यहाँ उल्लेख छ । नेपालमा जुन वाद वा तन्त्र आए पनि निम्नवगीय नेपाली जनताका समस्या ज्युँका-त्युँ छन् भन्ने देखाउन तथा अझ समस्या चर्किरहेको छ भन्ने देखाउन यो उपन्यास सफल भएको छ । नेपाल र भारतका बीचमा भएको गण्डक सम्झौता (वि.सं.२०१६) बाट प्रारम्भ भएको प्रस्तुत उपन्यासको विषय पञ्चायती व्यवस्थाको बीजारोपण भएको घटना उल्लेख छ । छत्तिस सालको

**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**


जनमत सङ्ग्रहको घोषणा तथा पञ्चायती व्यवस्थाको विजयको लागि मधेसमा बस्ने भारतीय नागरिकलाई मतदाता सूचिमा नाम चढाई निर्दललाई जिताएको सन्दर्भ सङ्केत गरिएको छ । यी सबै घटना र आन्दोलनले निम्नवर्गीय जनतालाई राहत दिनुको सट्टा झन आहत पुऱ्याएको चालिसेको मत रहेको छ (चालिसे, २०७३) ।

प्रस्तुत उपन्यासमा नेपालमा भएका राजनैतिक परिवर्तनले निम्नवर्गीय जनजीवनमा कुनै सुधारउन्मुख परिवर्तन नआएको तथ्य प्रकट भएको छ । आपसमा सिङ्गै मौरीको घारझैं मिलेर, सुखदुःख बाँडेर बसेका नेपालीहरू मधेस आन्दोलनपछि आफ्नो थातथलो छोडेर बसाइँ सर्न बाध्य भएको यथार्थबोध गराइएको छ । मधेस आन्दोलन पश्चात् तराईबाट पहाडिया खेदिए । पहाडबाट मधेसी लखेटिए । सदियौंदेखि मिलेर बसेका दाजुभाइ, दिदीबहिनी विभिन्न राजनीति, जाति र धर्ममा बाडिएर आपसमा काटामारको अवस्थामा पुगेको यथार्थको यहाँ कलात्मक प्रस्तुति गरिएको छ –

*घरभित्र मात्र सुनिने गरी पहिलो पटक रुदल बोले, पण्डितजी, वर्षौंसम्म एउटै गाउँमा सुखदुःखका साथी भएर बस्यौं । यो आन्दोलनको निहुँमा सारा पहाडियाले गाउँ छोड्नुपर्ने स्थिति आएजस्तो छ ..फारुक चाचा पनि चुप लाग्न सकेनन् , पण्डितजी अहिले पहाडियाहरूलाई जोगाउन सकिएला जस्तो छैन । तपाई दुईचार दिनलाई भए पनि बालबच्चा लिएर हेटौंडातिर जानुहोस् (पृ.२५०)* ।

निम्नवर्गीय जनता सुखको खोजीमा यता र उता भौतारिरहन्छन् । नेपाली नागरिकहरू भारत जाने र भारतीय नागरीकहरू नेपाल आउने विशुद्ध कारण पेट पाल्ने हो भन्ने लेखकको विचार यस उपन्यासमा व्यक्त भएको छ । पेट पाल्ने लालचाले सीमा पारिका भारतीयहरू नेपालमा आएका, पहाडियाहरू मधेस झरेका छन् तर उनीहरूलाई पेट पाल्न र छाप्रो हाल्न सधैं समस्या परेको तथ्य यहाँ प्रकट भएको छ । यसैले सिमान्तकृत निम्नवर्गीय नेपाली जनतालाई राजनैतिक परिवर्तनले कुनै राहत नदिएको तथा मुट्ठिभरका नेताहरू मात्र लाभान्वित भएको लाञ्छनिक अर्थ यहाँ प्रकट भएको छ । मधेसमा बस्ने नेपालीहरूको नागरिकता समस्या एकदम जकडिएर रहेको छ । पैसा भएका धनीमानी भारतीयहरूले समेत तुरुन्त नेपाली नागरिकता लिने तर निम्नवर्गीय जनता तथा भारतीयहरू पुस्तौ नेपाल बस्दा पनि नागरिकता लिन नसक्ने राजनैतिक परिवेश यहाँ प्रकट भएको छ ।

तत्कालीन पञ्चायती व्यवस्थामा गाउँ पञ्चायतको सिफारिस लिएर निम्नवर्गका जनताहरूले छाप्रो हालेर बस्न पाउँथे तर सिफारिस लिन पनि चन्दा बुझाउनु पर्ने (७३) र गरिव निमुखाले चन्दा बुझाउन नसक्दा त्यो अवसरबाट वञ्चित हुनुपर्ने अवस्था रहेको भाव यहाँ प्रकट भएको छ । २०३६ सालको निर्दललाई जिताउन धेरै भारतीय नागरिकको नाम मतदाता सूचिमा हालेको तथ्य पनि यहाँ लाक्षणिक रूपमा व्यक्त भएको छ । यी मतदाता सूचिमा नाम परेका भारतीयहरूलाई नेपाली नागरिकता दिलाउँछु भन्दै प्रत्येक राजनैतिक पाटी र नेताले भोट माग्ने र नागरिकता नदिने गर्दै थिए । २०६३ सालको जन आन्दोलनपश्चात् बनेको गणतान्त्रिक सरकारले धेरै भारतीय नागरिकलाई नागरिकता दिने आश्वासन देखाएको भनी नेपालका राजनीतिज्ञहरूमाथि व्यङ्ग्य गरिएको छ ।

यसरी प्रस्तुत उपन्यासमा राजनैतिक व्यवस्था परिवर्तन भए पनि निम्नवर्गीय सीमान्तकृत नेपालीहरूलाई कुनै फरक नपरेको र उनीहरूका समस्या जस्ताका तस्तै रहेको भाव यहाँ प्रकट भएको छ । देशमा भइरहेको विकास र राजनैतिक आन्दोलनले गरिबी, अशिक्षा, पछौटेपन आदिका समस्या समाधान भएनन् भने तिनको कुनै अर्थ नहुने विचार यस उपन्यासले उठान गरेको उपाध्यायको मत उपयुक्त देखिन्छ (उपाध्याय, २०७३) । अहिले देशमा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था छ । यो व्यवस्थामा निम्नवर्गका सबै खाले समस्या हल हुनुपर्नेमा समस्या उस्तै रहनुले जुन जोगी आए पनि कानै चिरेको अर्थात् गुलरको फूल देख्नु जतिकै हो भन्ने विचार यहाँ देखिन्छ ।

निम्नवर्गीय चरित्रहरूका लागि पञ्चायती , प्रजातान्त्रिक , गणतान्त्रिक  सबै व्यवस्था उस्तै सावित भएको तथ्य यस उपन्यासमा पुष्टि भएको छ । मुलुकमा सर्वहारा वर्गको उत्थानका लागि काम गर्ने नारा दिएर आएका वामपन्थीको सरकार, प्रजातान्त्रिक सरकार होस् कि मधेसीहरूको उत्थानमा काम गर्छौं भन्ने मधेसी नेता मन्त्री होउन कसैले पनि निम्नवर्गको उत्थानका लागि कुनै कार्यक्रमसमेत ल्याउन नसकेको तथ्य यहाँ प्रस्तुत हुनुले निम्नवर्गका जनता सधैं उपेक्षित रहेको पुष्टि हुन्छ । लक्ष्मीप्रसाद उप्रेती राजनेताको अदुरदर्शिताले अन्तरघुलन र अन्तरमिश्रित समाजको एकतामा आँच आएको बताउँछन् (कानुन, पृ.१८) ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

### आर्थिक परिवेश

प्रस्तुत 'गुलरको फूल' उपन्यासको सांस्कृतिक विश्लेषणका केन्द्रका रूपमा यसको आर्थिक परिवेश आएको छ । यस उपन्यासले नेपाल र भारतको सिमानामा बस्ने निम्नवर्गीय अजरवनका आर्थिक परिवेश प्रस्तुत गरेको छ । यस उपन्यासका प्रायः सबै पात्रका आर्थिक दुरावस्था, आर्थिक पीडा, दुःख, कष्ट, अभावको कारुणिक चित्रण भएको छ । प्रगतिवादी साहित्यकार प्रदिप नेपाल 'गुलरको फूल नेपाल -भारत सिमानाको वारिपारि बस्ने गरिब मानिसको कथा हो' (नेपाल, २०७२) भन्ने बताउँछन् । उपन्यासका गौण पात्र राणाजी र उनकी बहिनी छायादेवीले विर्ता पाएका बाहेक उपन्यासमा आएका सबै पात्रहरू निम्नवर्गका छन् । दुःखबाट मुक्ति मिल्ने आशाले रुदल सहनी नेपाल आएको थियो (पृ.५७) । उसले हर संम्भव प्रयास र दुःख गर्दा पनि आर्थिक समस्याबाट मुक्ति पाउँन सकेन । यसै गरि पेट पाल्नकै लागि पहाडबाट बाजे, पण्डित र हर्के पनि मधेस झरेका छन् । यिनीहरूलाई आफ्नो जीविकोपार्जन गर्न सधैँ मुस्किल देखिन्छ । हर्के दाइ पेट पाल्नका लागि नै भारतको दिल्लीमा गएर दरवानीको नोकरी गर्छ । गण्डक बाँध बाँध्ने समाचारपछि यो पात्र त्रिवेणी आएर भट्टी पसल थापेर गुजारा चलाउँछ । यसरी उपन्यासमा राज्यबाट उपेछित सीमान्तीकृत पात्र प्रयोग भएका छन् । यस उपन्यासमा अतिसय धनी, शोषक, सामन्त पात्र प्रत्यक्ष रूपमा प्रयोग भएका छैनन् । यहाँ कसैले पनि कसैलाई दुःख दिएका छैनन् । यस उपन्यासको धनी पात्र राणाजी र छाँयादेवीले प्रत्यक्ष रूपमा कसैको शोषण, थिचोमिचो गरेका छैनन् । यहाँ आएका प्रायः सबै पात्रहरू गरिब, निमुखा, उत्पीडित, शोषित, शाषित र शोकाकूल छन् । यिनीहरूलाई सधै हातमुख जोर्न समस्या परेको छ । "उनीहरू को हिन्दु ?, को मुसलमान ? सबै दुःखी, सबै पसिनाको घुट्को लगाउने व्यक्ति !" (पृ.२८) का रूपमा देखिएका छन् । यस उपन्यासको प्रमुख पात्र रुदल र उनको परिवार, बाजे र उनकी श्रीमती, पण्डित र उनको परिवार, हर्कमान, फारुक चाचा र गाउँले सबै निम्नवर्गीय अजरवनहरू आएका छन् । उपन्यासमा वर्णित प्रमुख नारी पात्र कलौतिया एकातिर विपन्न छ भने अर्कातिर यहीं विपन्नताका कारण विवाह गरेर घरजम गर्नसमेत गुलरको फूलजस्तै भएकी छ । समालोचक मोहनराज शर्माका विचारमा 'यो उपन्यास अवरजन (सबाल्टर्न) को वृत्तान्त हो । अवरजन भनेको समाजको सबैभन्दा तल्लो तप्का अर्थात् सर्वसाधरण जनता हो (शर्मा, भूमिका क) । यस उपन्यासमा काम र मामको खोजीमा सीमा पारीका (भारत) का निम्नवर्गीय परिवार नेपाल आएर गुजारा गरेका र पुस्तौँ नेपालमा बस्दा पनि उनीहरूले नेपाली नागरिकता पाउन गुलरको फूल फुल्नुपर्ने अवस्था तथा धनी व्यापारी, पैसावाल भारतीयले आजको आजै पनि नेपाली नागरिकता लिएको यथार्थ भाव यहाँ प्रकट भएको छ । यस उपन्यासका रुदल लगायतका अन्य पात्रहरू पेट पाल्ने समस्यासँग जुध्दाजुध्दै प्राण त्याग्न पुगेका छन् । मधेशमा विद्यमान दहेज समस्याका कारण निम्नवर्गका छोरीहरूको विवाह गर्न कठिन हुने यथार्थ कलौतिया मार्फत् यहाँ प्रकट भएको छ ।

प्रस्तुत उपन्यासका अधिकांश पात्रहरू पेट पाल्नका लागि सङ्घर्षशील छन् र यिनीहरूको अभावग्रस्त जीवनका माध्यामबाट उपन्यासको मूल समस्या आर्थिक हो भन्ने पुष्टि गरिएको छ । दिनरात, साँझविहान नभनी चौविसैं घण्टा काममा घोटिदा पनि सधैँ पेट पाल्ने समस्या परिरहनु आर्थिक परिवेश हो भन्न सकिन्छ । निमुखा गरिबलाई जाडो गर्मी केहीले प्रभाव नपार्ने तथा हातमुख जोड्न पाएपछि शीतल हुने, त्यही स्वर्ग हुने (पृ.४८) भाव प्रकट भएको छ । गोविन्दराज भट्टराई यहाँका पात्रको सङ्घर्षलाई 'हेमिङवेको ओल्ड म्यान एण्ड द सी'को जस्तो अझ मुग्लानका 'बसाइँ', 'मुलुक बाहिर' का पात्रझैं सबै आशा र निराशाका सीमित धर्ती र प्रकृति र लेखान्तका छहारीमा छन् भनी उल्लेख गरेका छन् (भट्टराई, भूमिका ,ज) । यस उपन्यासमा घुस खाने र चाकडी खोज्ने हाकिमको पनि प्रयोग भएको छ । यस उपन्यासको हाकिम शोषक र सामन्त पात्र हो तर यो गौण रूपमा आएका हुँदा यो उपन्यास अजरवनको केन्द्रीयतामा रचना भएको देखिन्छ । पसलमा आउने गण्डक परियोजनाका हाकिमहरूलाई हर्केले खुब चाकडी गऱ्यो । उनीहरूलाई चित्त बुझ्ने गरी रक्सी र मासु खुवाएपछि बल्ल हर्केले हाकिमको मन जित्न सफल भयो । त्यसपछि भू–आर्जन कार्यालयमा उसले स्थायी नोकरी पायो (पृ.३५) । यस सन्दर्भबाट उच्च तहका हाकिमको शोषक तथा चाप्लुसी खोज्ने प्रवृत्ति प्रस्तुत भएको छ । उपन्यासको राणाजी र उनकी बहिनी छायादेवी घरमा मान्छे राखेर काम लाउने सामन्त भए पनि प्रत्यक्ष शोषकका रूपमा देखिएका छैनन् । उनीहरूले प्रत्यक्ष कसैको खुन चुस्ने काम गरेको देखिदैन् । त्यसैले यिनीहरूलाई शोषक भन्न मिलेन तापनि धनी र गरिबका बीचमा ठूलो पर्खाल रहेको तथा धनी र गरिबका बीचमा जति ठूलो मित्रता रहे पनि सधै सशङ्कित र सतर्क रहनुपर्ने भाव यहाँ प्रकट

भएको छ (पृ.७४) । रुदल, बाजे र पण्डितको कथाव्यथा एउटै देखिन्छ तीनै जना रोजीरोटीका लागि भौतारिदै गोठटोल आएर बसेका थिए (पृ.७९) ।

प्रस्तुत 'गुलरको फूल' उपन्यासले अत्यन्त विपन्न समूह चाहे पहाडिया हुन् चाहे मधेसी हुन् ती सबैको समस्या एउटै हो, तिनीहरूको पीडा पनि एउटै हो र यस विषयमा कहिल्यै पनि विभेद नहुने गोपीरमण उपाध्यको विचार छ (उपाध्याय, २०७३) । यो भाव नै यस उपन्यासको मूल भावका रूपमा प्रकट भएको छ । डा. व्यञ्जना शर्माका विचारमा गुलरको फूल उपन्यास विपन्न वर्गको जीवन सङ्घर्षको कथा हो (शर्मा, २०७३) ।

## सामाजिक सांस्कृतिक परिवेश

'गुलरको फूल' उपन्यासको सामाजिक संस्कृतिक परिवेश निर्क्योल गर्नाका लागि भौगोलिक स्थान, समय र पात्रहरूको अवस्थासँग सन्दर्भित गरेर हेर्नुपर्ने हुन्छ । उपन्यासको घटित समय झण्डै पाँच दशक लामो छ । गण्डक सम्झौतादेखि मधेश आन्दोलनसम्मको समयमा नेपाल र भारतका सीमानामा बस्ने अझ धेरै नेपाल भूमिमा बस्ने नेपाली (पण्डित, बाजे), र भारतबाट पेट पाल्न आएको जन्मका आधारमा भारतीय, कर्मका आधारमा नेपाली रुदलजस्ता पात्र तथा पहाडबाट दिल्ली गएर दरवानी गरी नेपाल फर्केर पेट पाल्नका लागि त्रिवेणीमा भट्टी पसल थापेर बसेको हर्केका समान समस्या रहेका छन् । नेपाल तथा भारतको सीमानामा बस्ने सिमानाकृत तथा सिमान्तकृत नागरिकको सामाजिक तथा सांस्कृतिक परिवेश प्रकट गरेको छ । उनीहरू हिन्दुको दशैं, मुसलमानको रमजान चाड आदि आफ्नो गच्छेअनुसार मिलेर मनाउँछन् ।

देशमा गणतन्त्र आइसक्दा पनि मधेशमा दहेज (दाइजो) प्रथाले जरा गाडेर बसेको हुनाले धेरै मधेसी छोरीचेलीहरूको विवाह हुन नसकेको भाव कलौतिया मार्फत् प्रस्तुत भएको छ । पहिले केही चाहिँदैन भन्ने केटोले विवाहमा साइकल दहेज नभए विवाह नै नगर्ने सर्त (पृ.१६७) राख्नुले मधेसको दहेज समस्यालाई उजागर गरेको छ । विवाह भइसकेपछि पनि कलौतियाको नेपाली नागरिकता नभएकोले गौना हुन नसकेको तथ्य यहाँ समस्याका रूपमा प्रकट भएको छ । भट्टराइले मधेशी समाजको दहेज प्रथा नै उपन्यासको दु:खान्तको मूल कारण रहेको उल्लेख गरेका छन् (भट्टराई, भूमिका, ज) । उनी यस उपन्यासको प्राण नै समाजको जीवन्त चित्रण हो भन्न पुगेका छन् । (भट्टराई, भूमिका,झ) । यस उपन्यासमा गौना प्रथाले गर्दा तराईमा नारी जातिले पीडा भोग्नु परेको दृष्टान्त यस उपन्यासमा प्रस्तुत भएको व्यञ्जना शर्मा बताउँछिन् (शर्मा, २०७३)।

प्रस्तुत उपन्यासमा तराईमा पेटभरि खानका लागि मानिसहरू आउने गर्छन तर धेरै दु:ख गर्दा पनि उनीहरूलाई पेट पाल्न सधैँ समस्या रहेको छ भन्ने यथार्थबोध गराइएको छ । यस उपन्यासको कथानक दशकौँ अघिदेखि नेपाल भारतबीच आवतजावत गर्ने, सांस्कृतिक रसायन र आपसी सद्भावले जोडिएको जनताको हृदयममा परेको बज्रपातको झिल्का र चोइटा भएको भट्टराईको दावी छ (भट्टराई, भूमिका, ट) ।  यस उपन्यासको मूलभाव सबै जातजाति, भूगोल र समूदायका बीचमा आपसी सद्भाव र विश्वास कायमै रहनुपर्छ तथा आपसी भाषा र संस्कृतिले जोडिरहनुपर्छ भन्ने देखिन्छ ।

प्रस्तुत उपन्यासमा तराईको मिश्रित समाज, मिश्रित जाति तथा मिश्रित संस्कृति प्रस्तुत भएको छ । यहाँ हिन्दु, मुसलमान, सानो जाति, ठूलो जाति ब्राह्मण, माझी आदि कुनै जातजाति, धर्म सम्प्रदायका बीचमा कुनै भेदभाव छैन् । हिन्दुको घरमा पाकेको सेलरोटी र ठेकुवा मुसलमानको घरमा पुग्ने, मुसलमानका घरमा तयार भएको सेवई र खजुर हिन्दुको घरमा पुग्ने यो मिश्रित सांस्कृतिक समाज हो । यी गाउँलेको पकाउने चुलो र सुत्ने ठाउँ बेग्लै छ । अरू कुरामा भने एउटै परिवारजस्ता भएर बसेका छन् । यहाँ पानी नचल्ने जात भनेर भेदभाव छैन् । मौरीको घारझैं सिङ्गौ गाउँ मिलेर बसेको लेखकको दृष्टिकोण प्रकट भएको छ (पृ, १६६) ।

यहाँ हर्केले चलाएको भट्टी पसलले केही आर्थिक सान्तवना दिएको, बाजेलाई राणाजीको जग्गा कमाउँदा केही राहत मिलेको देखिन्छ । यहाँका मानिस दु:ख पाउँदा, खान, लाउन अभाव हुँदा तथा रोगले सताउँदा पनि आफ्नै भाग्यलाई दोष दिने, रोग व्याधा आउँदा पनि झारफुक र देवी देवताको पूजा गर्ने अन्धविश्वासी, अशिक्षित, चेतनाहीन समाज प्रस्तुत भएको छ । *पैनीको आडमा पीपलको रुख छ ठिक्कको । रुखको फेदमा काँचो धागो बेरिएको हुन्छ । रुखमुनि बरमबबाबाको थान छ । पीपलको बोटको छेउमा बरको रुख छ । मान्छेहरू बेलाबेलामा बर र पीपलको पूजा गर्न आउँछन् (पृ.७२) ।* साँझमा घरभित्र

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No. 2, July 2025. Pages: 120-129
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v6i2.88512

भमरो छिर्दा अशुभ हुने तथा बाजेले सिन्का नाप्दै यो साँझकी लक्ष्मी भित्रिएकी बताउनु (पृ.८७), कौवा गराउँदा शुभ बोल भन्नुले पनि यो अन्धविश्वासी समाज हो भन्न सकिन्छ । यहाँको मनोरञ्जनको साधन भनेको मेलापर्वमा देखाइने रामलीला, कव्वाली, डुलडुल घोडा, साधी विवाहमा देखाइने लवण्डाको नाँच (पृ.४९) हो ।

## गुलरको फूल उपन्यासको वर्गीय अध्ययन

प्रस्तुत 'गुलरको फूल' उपन्यास वि.सं.२०१६देखि २०६३ सम्मको राजनैतिक परिवर्तनले पनि कुनै असर नपुऱ्याएका निम्नवर्गीय समस्यामा रचना भएको छ । यहाँका पात्रहरूले दुःख र कष्टलाई जितेका छन् (चालिसे, २०७३,) उपन्यासको प्रमुख ध्येय वर्ग चेतना, वर्ग सम्बन्ध, प्रस्तुत गर्नु नभई मधेसका निम्नवर्गीय जनताको गाँस, बास, कपास, दहेजको समस्या देखाउनु हो । मधेस आन्दोलनपछि नेपाली जनतामा आपसी मेलमिलापमा समस्या भित्रिएको देखाउनु पनि उपन्यासको अभिष्ट देखिन्छ । यस उपन्यासमा समाजका दुई वर्ग शोषक र शोषित, सामन्त र किसानका बीचको सम्बन्ध नभई अजरवनको अवस्था चित्रण भएको छ । उपन्यासमा प्रस्तुत सम्बन्ध तराईका विभिन्न गाउँमा विपन्न दुःखी, निमुखा, शाषित कृषकहरू बस्दै आएका छन् भन्ने देखाउँदै एउटा गाउँको कथालाई विषय बनाउँदै गरिबी, अशिक्षा, अन्धविश्वास र पछौटेपनको दयनीय अवस्थाको चित्रण गरिएको (चालिसे, २०७३) छ । उपन्यासकारले देशमा समय समयमा राजैतिक परिवर्तन भए पनि निम्नवर्गीय जनताको जीवन स्तरमा कुनै सुधार नआएको विचार प्रकट गरेका छन् । उप्रेतीले यो एउटै प्रकारक भोका, नाङ्गाहरू, अशिक्षित, गरिब, केही सोच्न नसक्नेको कथा हो भनेका छन् (उप्रेती, १८) ।

उपन्यासमा पुरुष सत्ता शोषक र नारी शोषित छन् भन्ने देखाउन निम्नवर्गीय बाजेले बाँसको लट्ठीले बेस्सरी आफ्नी श्रीमतीलाई गोरुझैँ चुटेको र कलौतिया लगायत गाउँका अरु महिलाले बज्यैलाई तेल लगाई दिएका छन् (पृ.२०६) । यस्तै कलौतियाको विवाह गरेको लोग्नेले कहिले दहेज मागेर, कहिले नेपाली नागरिकता नभए गौना नगर्ने भनेर दुःख दिनुले पुरुष वर्ग शासक र स्त्री वर्ग शोषितका रूपमा देखिएका छन् ।

## वर्गीय सम्बन्ध

'गुलरको फूल' उपन्यासको वर्गीय सम्बन्ध शोषक र शोषित वर्गको सोझो सम्बन्धका आधारमा नभई एकै वर्गका माध्यामबाट प्रस्तुत भएको छ । निम्नवर्गीय रुदल सहनी, र उसकी छोरी कलौतियाका केन्द्रमा यस उपन्यासको वर्गीय सम्बन्ध प्रकट भएको छ । काम र मामको खोजीमा बाजे र पण्डितसँगै नेपालको फत्तेपुरको गोठटोलमा आएर बसेको रुदल, पहाडबाट मधेस झरेका पण्डित, बाजे र हर्के दाइ उपन्यासका प्रमुख पात्रहरूको आर्थिक संरचना हेर्दा सबै नै निम्नवर्गीय छन् । यहाँ प्रयोग भएका सबै पात्रहरूलाई जता-जता गए पनि सधैँ पेट पाल्ने समस्याले सताइरहेको छ । हर्के दाइ दिल्लीमा दरवान गरेर नेपाल फर्केर त्रिवेणीमा भट्टी पसल गरेर गुजारा चलाएको छ । सबैको आर्थिक अवस्था उस्तै छ । दश नङ्ग्रा खियाएर रातो दिन काम गर्दा पनि यिनीहरूलाई सधैं समस्याले घेरिरहेको छ । यी सबैको सम्बन्ध नङ र मासुकोजस्तो छ । एउटालाई समस्या पऱ्यो भने अर्को मद्यत् गर्न जाने ,आफैँसँग राख्ने सँगै खाना खाने अत्यन्त राम्रो सम्बन्ध देखिन्छ ।

मधेसमाथि सामन्ती व्यत्तिले नभएर सामन्ती शासकले गरेको थिचोमिचो, उपेक्षित व्यवहार र हेपाहा प्रवृत्तिका कारण मधेसमा बस्ने गरिब सर्वसाधरण जनताले मार खानुपरेको कुरा यस उपन्यासले उठान गरेको उपाध्यायको विचार प्रकट भएको छ (उपाध्याय, २०७३) । सबै व्यवस्थामा पनि यिनीहरूको अवस्था उस्तै देखिनुले सरकारी उपेक्षा हो भन्ने भाव पुष्टि गरेको छ ।

## निम्नवर्गीय समस्या

'गुलरको फूल' उपन्यासमा वर्णित वर्गीय समस्या निम्नवर्गीय छ । नेपालको तराई भूमिका धेरै गाउँ उपेक्षित छन् र टाठाबाठा नेताहरूले आफ्नो स्वार्थका लागि मात्र काम गर्ने भएकाले जुन राजनैतिक व्यवस्था आए पनि निम्नवर्गीय जनताहरूको जीवनस्तरमा कुनै परिवर्तन आउन नसकेको भाव उपन्यासको मूल समस्या हो । उपन्यासमा वर्णित करिब सत्चालिस वर्षसम्मको समयमा धेरै सरकार र तन्त्र फेरिए तर तराईमा बसोबास गर्ने नागरिकका समस्यामा कुनै परिवर्तन

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

आएन भन्ने भाव रुदल, बाजे, पण्डित र हर्के दाइमार्फत् प्रस्तुत भएको छ । भारतीय नागरिक रुदल नेपाली साथीहरू हर्के र बाजेका साथ सुखको खोजीमा नेपालको गोठटोल आएको छ । २०३६ सालको जनमत सङ्ग्रहमा राज्यको स्वार्थका लागि उसको नाम मतदाता नामावलीमा परेको छ । उसले नागरिकता भने मृत्युको शैयामा पुगेपछिमात्र प्राप्त गरेको छ । उसले अनेक पेसा गरेर पनि सधैँ आर्थिक समस्याबाट मुक्ति पाउन सकेन । अर्को पात्र बाजेको समस्या पनि उस्तै छ । पण्डितको समस्या पनि उस्तै छ । एकपछि अर्को समस्याले यिनीहरूलाई सताइरहेको छ । यसरी निम्नवर्गीय जीवनका समस्या नै उपन्यासमा प्रमुख वर्गीय समस्याका रूपमा वर्णित भएको छ । प्रस्तुत उपन्यासमा निम्नवर्गीय जनताका अभाव, दुःख, कष्ट, पीरमर्काको चित्र उतारी प्रमुख विषय बनाइएको छ ।

## वर्ग समन्वयवादी दृष्टिकोण

प्रस्तुत 'गुलरको फूल' उपन्यासमा राज्य र निम्नवर्गीय जनताका बीचमा अप्रत्यक्ष रूपमा वर्गद्वन्द्व देखिन्छ । उपन्यासमा वर्णित पात्रका बीचमा कुनै वर्गद्वन्द्व देखिदैन् । उपन्यासका पात्रहरू आफूमाथि आइपरेको समस्या, दुःख, कष्ट, आपत् आफ्नै कर्मको फल भएको स्वीकार्छन् । उनीहरू राज्यबाट शोषित, पीडित भएको मान्दैनन् । उनीहरू त आफ्नो नियति मान्दछन् । यिनीहरू एकआपसमा मिलेर बसेका छन् । देशमा अनेक राजनैतिक आन्दोलन हुँदा पनि यिनीहरू आन्दोलनमा सहभागी हुँदैनन् । हुनतः माओवादी आन्दोलन सुरु हुँदा भुलुवा आन्दोलनमा हिड्छ तर पछि उसले कुरा बुझेझैँ गरेर हिड्न छाड्छ । यसरी यस उपन्यासका पात्रमा वर्ग समन्वयवादी दृष्टिकोण पाइन्छ ।

## वर्गीय मित्रताको प्रस्तुति

'गुलरको फूल' उपन्यासमा आएका चरित्रहरू आफ्ना वर्गका मानिससँग मिलेर बसेका छन् । एकको समस्या सबैको समस्या हो भन्ने दृष्टिबाट सबै मिलेर समाधानमा लागेका छन् । उपन्यासका निम्नवर्गीय पात्रमा वर्गप्रेम देखिन्छ । यिनीहरूका बीचको प्रेम अत्यन्त आदर्शवादी र हार्दिक देखिन्छ । रुदल, बाजे, पण्डित, हर्के सबै चरित्रहरू एउटै परिवारका रूपमा देखिन्छन् । जसलाई समस्या आए पनि सबै जुटेर समाधानतर्फ् लाग्छन् । मधेसी आन्दोलनले पहाडिया खेद्न लागेको देखेर रुदल र फारुक चाचाले चिन्तित हुँदै पण्डितको परिवारलाई केही समयलाई मधेस छोडेर हेटौडा जान सल्लाह दिन्छन र भुलुवाले राती नै सामानसहित हेटौडा पुऱ्याईदिनुले यहाँ वर्गीय मित्रत्रता घनिष्ठ रहेको पुष्टि हुन्छ (पृ.२५०) । पण्डित बाजेको परिवार मधेस आन्दोलनको कारण गाउँ छोड्नु पर्दा सबै भावविहल भएका छन् । 'गाउँमा बस्दा पण्डितजी, भउजी, दिदी, माइको नाता टुट्दै छ । जन्मले बनाएको नाताभन्दा गाउँलेको नाता झन् प्रगाढ हुँदो रहेछ' (पृ.२५४) । यस भनाइले पनि वर्गीय मित्रता घनिष्ठ रहेको देखिन्छ । रुदल बाजे हर्के र पण्डितका साथ लागेर भैसालोटनबाट गोठाटोल आएको छ । बाजेले राणाजीको जग्गा कमाउन रुदललाई पनि साथ ल्याएका छन् । बाजेकी पत्नीले घर छोडेर हिडेपछि रुदलकै घरमा बाजे खाना खान्छन् । बाजेलाई व्यापार गर्न, गाई ल्याउन रुदलले सघाउँछ । यसरी यहाँका निम्नवर्गीय पात्रका बीचमा घनिष्ठ सम्बन्ध हुनुले वर्गप्रेम रहेको देखिन्छ ।

## आर्थिक असमानता

'गुलरको फूल' उपन्यासका चरित्र विपन्न तर आत्मनिर्भर प्रवृत्तिका छन् । राज्यको अदुरदर्शी नीतिका कारण निम्नवर्गीय पात्रहरू सधैं कष्टपूर्ण जीवन जिउन बाध्य छन् । राणाजी र उनकी दिदी जग्गा कमाउने मान्छे, भान्से राखेर मोजले बसेका छन् भने बाँकी सबै रोजीरोटीका लागि मधेस झरेका छन् । राणाजीको जग्गा कमाउने, भारतमा गएर दरवानी गर्ने र बाँच्नका लागि अनेक पेसा गरेका छन् । यस्तै भारतीय मूलको रुदल पेट पाल्नकै लागि नेपाललाई कर्म थलो बनाएर बाजेहरूसँगै नेपाल आएको छ । ऊ दुःख, कष्टसँग जुधिरहेको छ तर कहिल्यै दुःखबाट मुक्ति पाउँदैन् । सरकारले निम्नवर्गका समस्या समाधान गर्न कुनै दीर्घकालीन योजनासमेत ल्याएको छैन् । यस उपन्यासमा सर्वसाधरण जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको कुनै प्रबन्ध मिलाएको देखिदैन । यस कारण यहाँ आर्थिक असमानता रहेको पुष्टि हुन्छ ।

## उच्च (शोषक) वर्गीय विचारधाराप्रति उदासिन

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

'गुलरको फूल' उपन्यासको मूल समस्या गरिबी, पछौटेपन हो । यहाँका निम्नवर्गीय जनता राज्यबाट उपेक्षित छन् भन्ने देखाउनु उपन्यासको अभिष्ट देखिन्छ । उपन्यासमा वर्णित पात्रले दुःख, कष्ट पाउनु आफ्नै कर्मको फल हो भन्ने देखाउनु र आफूहरू शोषित भएको, ठगिएको उनीहरूलाई महशुस नहुनु उच्चवर्गप्रति उदासिन हो । पहाडमा खान, लाउन दुःख भएर मधेस झरेका तथा भारतमा पनि दुःख पाएर नेपाल आएको रुदको समस्या समान छ । यिनीहरूले खान, लाउन नपाउनुको कारण राज्य हो वा उनीहरूको कर्म हो ? यहाँ कर्मलाई दोष दिनुले शोषक प्रवृत्तिको राज्यव्यवस्थाप्रति यो उपन्यास उदासिन देखिन्छ । सामन्ती शासकलाई दोष नदिइ आफ्नै भाग्यलाई रुदलले यसरी दोष दिएको छ –'रुदल एक थोक चिताउँथे । भाग्यले अर्कै थोक गरिदिन्थ्यो । दुःख त अघिपछि भइरहन्थ्यो' (पृ.२१४) ।

## सेवा र सुविधाबाट वञ्चितीकरण

'गुलरको फूल' उपन्यासका प्रमुख चरित्रहरू राज्यका अवसर, सेवा र सुविधाबाट वञ्चित छन् । यहाँ पात्रहरू मानवका आधारभूत अधिकारबाट वञ्चित छन् । अझ मधेसमा नागरिकता प्राप्तिको समस्या पनि विकट देखिन्छ । पैसावाल, धनी, व्यापारी भारतीयहरूले तुरुन्तै नेपाली नागरिकता लिने तर वर्षौ नेपाललाई कर्मथलो बनाएर बसेका, सर्वसाधरणका लागि नागरिकता लिन गुलरको फूल फूल्नु जतिकै असम्भव हुने घटना यहाँ प्रस्तुत भएको छ । यसरी जीवनका आधारभूत अधिकारबाट वञ्चित नागरिकहरूको चित्रण यस उपन्यासमा भएको छ ।

## निम्नवर्गीय मनोविज्ञानको प्रस्तुति

प्रस्तुत 'गुलरको फूल' उपन्यासमा निम्नवर्गीय चरित्रको मनोविज्ञान प्रकट भएको छ । निम्नवर्गमा गरिबी, अशिक्षा, भोक, रोग र सत्तामा पहुँचको अभावको प्रस्तुति भएको छ । सबै अवसरबाट वञ्चित चरित्र खाने, लाउने, नागरिकता प्राप्त गर्ने र विवाह गर्नेजस्ता सीमित सोचाइमा केन्द्रित देखिन्छन् । भारतीय नागरिक रुदल र भुलुवाको नेपाली नागरिकता लिने र सानो टुक्रा जग्गा नेपालमा जोडेर बस्ने तथा कलौतियाको गौना गरिदिने सीमित सोचाइमा उपन्यासको विषय केन्द्रित छ । हर्के, बाजे र पण्डितको पनि पेट पाल्ने समस्यामा नै उपन्यासको विषय केन्द्रित भएको छ । यहाँका चरित्रहरूको मनोविज्ञान जीवीकोपार्जनको मात्र हुनुले सामान्य छ भन्न सकिन्छ । पढ्ने, लेख्ने, उच्च ओहदामा पुग्ने, राजनीतिमा नेता, मन्त्री हुने, व्यापार व्यवसाय गर्ने आदि कुनै लक्ष्य यी चरित्रमा नहुनुले सामान्य तर आधारभूत आवश्यकता पूर्ति गर्ने मनोविज्ञानमा उपन्यास प्रस्तुत भएको छ ।

## चरित्रहरूको वर्ग आधार र चरित्र चित्रण

'गुलरको फूल' उपन्यासका चरित्रहरूमा भारतमा जन्मेको तथा पेट पाल्नका लागि नेपालमा बसोबास गरेको रुदलको परिवार र नेपालको दुर्गम पहाडबाट पेटभरि खानलाई मधेस झरेका बाजे, पण्डित, हर्के आदि निम्नवर्गीय चरित्र छन् । यी नेपाल र भारतको सिमानामा गुजारा गरेर बसेका छन् । विपन्न नेपालीहरू विगत लामो समयदेखि नै भारतका विभिन्न स्थानमा गएर कुल्ली, दरवानी, मजदुरी गर्नेदेखि लिएर उतै पलायन हुने गर्दछन् भने विपन्न भारतीयहरू पनि रोजीरोटीका लागि नेपाल आउने गर्दछन् । यही प्रवृत्ति यस उपन्यासमा प्रकट भएको छ । सिमानामा बस्ने यी सबै चरित्र निम्न वर्गका श्रमजीवी छन् ।

निम्नवर्गीय वर्ग आधार भएका चरित्रबाट उपन्यास सिर्जित भएको छ । यी पात्रले निम्नवर्गीय यथार्थ प्रस्तुत गरेका छन् । उपन्यासका प्रमुख चरित्र रुदल सहनी, बाजे, पण्डित, हर्के, कलौतिया र भुलुवा सबैले निम्नवर्गीय भूमिका निर्वाह गरेका छन् । यी चरित्रमा मनोद्वन्द्व तीव्र देखिन्छ भने वर्गीय द्वन्द्व देखिदैन । सिङ्गो उपन्यास नै निम्नवर्गीय सेरोफेरोमा संरचना भएको छ । उपन्यासमा रुदल, गेगरी, फारुक चाचा, नेजमा, इद्रिस, अखिलेश, करमचन, बाजे (लक्ष्मीप्रसाद), जेठी बजै, कान्छी बजै पण्डित, हर्के दाइ, मनरुपा, भुलुवा, मुकेश, पन्जाबी माइला, मुस्तफ अलि, किशोरी शाह, छायादेवी, छोटेलाल आदि धेरै पात्र प्रयोग भएका छन् । यहाँ उपन्यासका प्रमुख चरित्रको चरित्रचित्रण निम्नानुसार गरिन्छ –

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No. 2, July 2025. Pages: 120-129**
**ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i2.88512**

### रुदल सहनी

उपन्यासको प्रमुख पुरुष पात्र हो । जन्मका आधारमा भारतीय नागरिक र कर्मका आधारमा नेपाली नागरिक भन्न मिल्ने रुदल विपन्न अजरवनका रूपमा प्रस्तुत भएको छ । सुखको खोजीमा बाजे र हर्केका साथमा लागेर नेपाल आएको रुदलले भारतलाई चट्क्क छाड्न सकेको छैन् । उसको जेठो छोरो रामाज्ञा भारतमै बसेको छ । सानैमा विफर आएर कालो छ्याके भएको रुदलले सानैमा बाबु गुमाएको छ भने आमालाई पनि आफ्नै आँखा अगाडि बाढी पसेर बगाएको छ । भारतमा बस्दा पनि अनेक हण्डर खाएको छ भने नेपाल आएर पनि अनेक दुःख कष्ट सह्नु परेको छ । सुरुमा माछा मारेर गुजारा चलाउने रुदलको गण्डक व्यारेज बनेपछि माछा मार्ने पेसा सङ्कटमा पर्छ । नेपालमा आएर छायादेवीको जग्गा कमाउँछ, कहिले बाखा, वस्तुको व्यापार गर्छ । जति दुःख गरे पनि उसलाई दुःखले कहिल्यै छोडेको छैन् । अरुलाई सहयोग गर्ने रुदल मिलनसार छ । जसोतसो गुजारा चलाए पनि उसलाई एक पछि अर्को दुःखले सताइरहेको छ । श्रीमती गेगरीलाई सर्पले डस्छ । छोरी कलौतियाको विवाह जसोतसो गर्छ तर गौना हुन सक्दैन । यी सबै पीर व्यथा लिएर पनि ऊ बाँचेको छ । २०३६ सालको जनमत सङ्ग्रहमा मतदाता नामावलीमा नाम चढेको रुदलले मृत्युशैयाको मुखमा पुगेपछि नेपाली नागरिकता हेर्दै प्राण त्यागेको छ ।

### कलौतिया

उपन्यासकी प्रमुख नारी चरित्र हो । बाबुआमा भारतीय नागरिक भए पनि यो पात्र नेपालको फत्तेपुर जिल्लाको गोठटोलमा जन्मेकी पात्र हो । रुदल सहनी र गेगरीकी तेस्रो सन्तानका रूपमा नेपालमा जन्मिएकी कलौतीया सोझी, संस्कारी छ । ऊ काली भए पनि हिस्सी परेकी र सलक्क बढेकी छ । पढ्न, लेख्ने अवसर नपाएकी कलौतिया घर व्यवहारमा निर्पूण छ । सुरुमा आमालाई घरको काममा सघाउँछे भने पछि भाउज्यूलाई पनि काममा सघाउँछे । छिट्टै हलक्क बढेकी हुनाले उसको विवाह १३ वर्षको उमेरमा भारतीय केटोसँग हुन्छ । सानै उमेरमा विवाह भएकाले उसको गौना नभएको र पछि गौना गर्ने साइत हेरेको समयमा सासुको मृत्यु भई रोकिन्छ । एकचोटि लोग्ने र ससुरा गौना गर्न तयार भएर सल्लाह गर्न आउँदा उसको निधारमा दुबी देखेर लोग्ने टाढिन्छ । पछि कलौतियाले नेपाली नागरिकता पाएपछि मात्र गौना गर्ने लोग्नेले सर्त राख्दछ । नेपाली नागरिकता कुर्दा कलौतिया चालिस वर्ष कटिसक्छे । बाबु मृत्यु शैयाको मुखमा पुगेका बेला उनीहरूको नेपाली नागरिकता आउँछ । त्यही नागरिकता प्राप्त गरेपछि, बैंस र रहर सकिएपछि उसको गौना हुन्छ । बाबु मरेको पीरमा रुनु कि लोग्ने लिन आएको खुसीमा हाँस्नुको दुविधामा कलौतिया पुगेकी छ । यहाँ उसको विवाह भएर घर जानलाई गुलरमा फूल फूल्नु जतिकै असम्भव भए पनि रहर सकिएपछि गौना भएको छ ।

### बाजे

वास्तविक नाम लक्ष्मीप्रसाद भए पनि लक्ष्मीको अभावमा भौतारिदै हिडेंको बाजे पहाडबाट सुखको खोजीमा मधेस आएर बसोबास गरेको छ । निम्नवर्गीय बाजे गाउँलेका लागि मिलनसार छ तर श्रीमतीका लागि राक्षसी रूप देखाउँछ । श्रीमतीलाई भैंसी चुटेझैं चुटेर थला बनाउँने श्रीमतीका लागि राक्षसी, सामन्ती पूरुष रूप भएको पात्र हो । जेठी श्रीमतीले अन्याय सहन नसकेर उसलाई छोडेर हिडेकी छ । कान्छी ल्याएपछि पनि त्यसै गरी चुट्ने पुरुष सत्ताको प्रतिनिधि पात्र बनेको छ । छायादेवीको जग्गा रेखदेख गरेर, भान्से गरेर खाने बाजेलाई पनि कहिल्यै अभावले छोड्दैन् ।

### हर्के

उपन्यासमा प्रयोग भएको हर्के खाँटी पहाडिया हो । ऊ सुरुमा भारतको दिल्लीमा दरवानी गर्छ । गण्डकमा बाँध बन्ने खबरसँगै ऊ नेपालको त्रिवेणीमा आएर भट्टी पसल थापेर बसेको छ । गण्डक बाँधका कर्मचारीलाई मासु, चिउरा, रक्सी ख्वाउँदै चाकरी गर्छ । खुसी पारेर त्यही जागिर खान सफल चलाख देखिन्छ । आपत विपत परेको बेलामा छिमेकीलाई सहयोग गर्ने यो पनि निम्नवर्गीय सत् पात्र हो ।

Vol. 6, No. 2, July 2025. Pages: 120-129
ISSN: 2738-9758 (Print), ISSN: 2738-9766 (Online)
DOI: 10.3126/ijmss.v6i2.88512

## निष्कर्ष

नेपाल र भारतको सीमानामा बसोबास गर्ने निम्न वर्गीय मान्छेहरूको दुःख, पीडा, तथा नागरिकता सम्बन्धी समस्यामा आधारित भएर यो उपन्यास संरचित भएको छ । नेपालमा वि.सं. २०१६ सालदेखि २०६३ सालसम्म धेरै राजनैतिक परिवर्तन भए । धेरै व्यवस्था र नेता फेरिए तर नेपाली जनताको अवस्थामा कुनै सुधार आएन् । झन् मधेस आन्दोलनपछि मिलेर बसेका मानिसहरूकै बीचमा काटामारको अवस्था आएको यथार्थ भाव यहाँ प्रकट भएको छ । नेपाल र भारतका सीमानामा नेपाली र भारतीयहरू वारिका, पारि र पारिका वारिलाई कर्मथलो बनाउने प्रवृत्ति प्रशस्त पाइन्छ । उनीहरूको एउटै अभिष्ट पेट पाल्नु र आनन्दको जीवन बिताउनु हो । यस उपन्यासका वर्णित अधिकांश पात्रहरूलाई पेट पाल्न सधैँ मुस्किल देखिन्छ । यस्तै यस उपन्यासमा मधेसमा दहेज प्रथाले समस्याका रूपमा जरा गाडेर बसेको र यसैका कारण छोरीहरूको विवाह हुन कठिन हुने गरेको यथार्थभाव प्रकट भएको छ ।

प्याकुरेलको यो उपन्यासमा निम्न वर्गीय समाजका यथार्थ घटनालाई टपक्क टिपेर जस्ताको तस्तै प्रस्तुति गरेको पाइन्छ । यस उपन्यासका पात्रहरू निम्न वर्गीय छन् । एक आपसमा मिलेर बसेका छन् । राज्यबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित छन् । यिनीहरू उच्च वर्गप्रति पनि उदासिन छन् । यहाँ वर्णित सबै पात्रहरूका समस्या समान छन् । यिनीहरूमाथि सामन्ती व्यक्तिले नभएर शोषण गरेको नभई सामन्ती शासकले गरेको थिचोमिचो, उपेक्षित व्यवहार र हेपाहा प्रवृत्तिका कारण दुःख पाएका छन् । मधेसमा बस्ने गरिब सर्वसाधरण जनताले मार खानुपरेको कुरा यस उपन्यासले उठान गरेको उपाध्यायको विचार (उपाध्याय, २०७३) उपयुक्त देखिन्छ । यस उपन्यासमा मधेसमा बस्ने अधिकांश निम्न वर्गीय जनता राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै दृष्टिले राज्यबाट शोषित, पीडित र उपेक्षित छन् भन्ने लेखकीय भाव प्रकट भएको छ ।

## सन्दर्भसूची


उपाध्याय, गोपीरमण. (२०७३). *सामाजिक सद्भावलाई प्रभावित गर्ने उपन्यास.*सुलेख, साहित्यिक मासिक. पूर्णाङ्क ४५.वर्ष ५. अङ्क २.जेठ. पृ.४५ ।

उप्रेती, लक्ष्मीप्रसाद. (२०७३). *पुस्तक परिचय.* कानून पत्रिका अङ्क ११५. पृ.१८ ।

चालिसे, नारायण.(२०७३). *मानव आस्थामा गुलरको फूल.* लुना राष्ट्रिय दैनिक. पूर्णाङ्क.२३, वर्ष ५. अङ्क ६ पूर्णाङ्क. ( असोज- कार्तिक, पृ.५० ।

नेपाल, प्रदीप. (२०७२). *सिमानाको कथा.*नेपाल राष्ट्रिय साप्ताहिक. वर्ष १५.असार. पृ.४७ ।

प्याकुरेल, माधव.(२०८०). *गुलरको फूल.*ओरिएन्टल पब्लिकेशन हाउस काठमाडौँ. ।

भट्टराई, गोविन्दराज. (२०८०). भूमिका लेखन. गुलरको फूल ।

भट्टराई, रमेशप्रसाद. (२०७८). *सांस्कृतिक (वर्गीय, लैङ्गिग र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन, काठमाडौँ. ।

भट्टराई, रमेशप्रसाद.(२०७८). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिग र जातीय) विश्लेषण.* भुँडीपुराण प्रकाशन. काठमाडौँ ।

शर्मा, मोहनराज. (२०८०). भूमिका लेखन, गुलरको फूल ।

शर्मा, व्यञ्जना.(२०७३). *गुलरको फूल मेरा आँखामा.* हिमाली गुराँस द्वैमासिक. वर्ष २०. पूर्णाङ्क ६१. (जेठ-असार). पृ.४९ ।